वर्ष ६, अंक ३, असार

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्



# अपराध अनुसन्धान
## मासिक ई-बुलेटिन

नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

# जनचेतनामूलक सन्देश !

- " जङगलमा आफै उम्रेका च्याउ जथाभाबी नचिनी खाँदा ज्यानै पनि जान सक्छ । च्याउको पहिचान नगरी नखाँऔ । यस्ता च्याउहरू विषालु पनि पर्न सक्दछन । च्याउको पहिचान गरेर मात्र खाने बानी गरौं"
- "बिभिन्न प्रलोभनमा पारी सस्तोमा डलर साटिदिने जस्ता गैह्र कानूनी काम गर्ने व्यक्तिहरुबाट सचेत रहि ठगिनबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं यस्तो जानकारी प्राप्त भएमा नजिकको प्रहरीलाई खबर गरौं"
- "कुनै पनि व्यक्तिले EMAIL, MESSENGER, WHATSAPP,VIBER लगायतका सामाजिक सञ्जालबाट तपाईलाई ठुलो धनराशीको चिठ्ठा पर्‍यो, यसका लागि कर र पार्सलको भुक्तानी गर्न पैसाको आवश्यक्ता पर्ने भएकोले बैंक खातामा पैसा जम्मा गरिदिनु भन्न सक्छ । तपाईलाई यस्ता प्रलोभन आएमा प्रहरीलाई खबर गरी सजक र सतर्क रहनुहोस् । ठगिनबाट आफू जोगिनु होस्, अरूलाई पनि जोगाउनु होस्"

# बाढी पहिरोबाट बच्ने उपायहरु !

- बाढी आएको समयमा होचो भूभागमा नजाऔं ।
- वर्षायाममा जोखिमयुक्त नदी तटिय क्षेत्रमा नबसौं ।
- ठूलो पानी परेपछी जमिन कमजोर हुने भएकोले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाऔं ।
- बाढी आइरहँदा आसपासका क्षेत्रमा आवतजावत नगरौं ।
- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गरौं ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टालौं र आवश्यक सजगता अपनाऔं ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरु, जस्तै –बाटो खन्ने, ढुंगा निकाल्ने कुला तथा नहर बनाउने कार्यहरु गरौं ।
- एक पटक पहिरो गएको स्थानमा पुनः बसोवास नगरौं । पहिरो गइसकेको ठाउँमा थप क्षति हुन नदिन बोट विरुवाहरु रोप्ने लगाएत अन्य रोकथामका उपायहरु अपनाऔं ।

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ना.म.नि. सुरेन्द्र प्रसाद मैनाली
प्र.ब.उ. मोहन प्रसाद पोखरेल

**सम्पादक मण्डल**
प्र.ना.उ. दधिराम न्यौपाने
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज. भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १० –१२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ –१५ |
| अपराध समाचार | १६–२१ |
| उत्कृष्ट अनुसन्धान | २२ |

# विभागीय गतिविधि

## लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मूल समारोह कार्यक्रम सम्पन्न




*काठमाडौं, ११ असार*

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको प्रमुख आतिथ्यतामा लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मूल समारोह कार्यक्रम, २६ जुन २०२३ राष्ट्रिय सभागृह प्रदर्शनी मार्गमा सम्पन्न भएको छ । गृह मन्त्रालयद्वारा आयोजित उक्त कार्यक्रमको सुरुमा गृह मन्त्रालय तथा विभिन्न मन्त्रालयहरु, सुरक्षा निकायहरु, काठमाडौं ललितपुर भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु एवम् सरोकारवाला निकायहरुका प्रतिनिधिहरुको सहभागितामा लागू औषध सम्बन्धी विभिन्न जनचेतनामूलक पर्चा, पम्प्लेट सहितको प्रभातफेरि र्‍याली भृकुटीमण्डप, भद्रकाली हुँदै राष्ट्रिय सभागृहमा आएर मूल समारोह कार्यक्रममा परिणत भएको थियो। कार्यक्रममा उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले लागू औषधसँग सम्बन्धित लेखरचना समेटिएको गृह मन्त्रालयद्वारा प्रकाशित ‘सुरक्षित जीवन’ नामक जर्नल २०औँ संस्करणको विमोचन गर्नुका साथै दिवसलाई सफल पार्न सहयोग गर्ने नेपाल प्रहरी संगीत विद्यालय, सेभ द चिल्ड्रेन, रिकभरि नेपाल लगायतका विभिन्न संघसंस्थालाई प्रशंसापत्र वितरण गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले लागू औषध दुरूपयोग रोकथाम र नियन्त्रणका विषय बहुसरोकारको विषय भएकोले सम्वद्ध निकायहरूको समन्वय र सहकार्यबाट लागू औषध उत्पादन, विक्री वितरण, संचय र ओसारपसार नियन्त्रणको साथै उपचार तथा पुर्नस्थापना, जोखिम न्यूनीकरण, जनचेतनालाई अभियानको रूपमा संचालन गरी तीनै तहको सरकारको नीति कार्यक्रममा मूलप्रवाहीकरण गरी संचालन गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो। उक्त अवसरमा धन्यवाद ज्ञापन गर्दै गृह सचिव दिनेश भट्टराईले लागू औषध नियन्त्रण र नियमनको मुख्य जिम्मेवारी रहेको गृहमन्त्रालयले जिम्मेवारी निर्वाह गर्न गैरसरकारी संघसंस्था, नागरिक समाज लगायत विभिन्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै समाजको साझा उद्देश्य प्राप्ति गर्न आफ्ना गतिविधिहरू निर्देशित र केन्द्रीकृत गर्दै आएको बताउनुभयो। गृह मन्त्रालयका सहसचिव रूद्रादेवी शर्माले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेत, एफडिडिआरको तर्फबाट प्रशान्त शर्मा, रिकभरिङ नेपालको तर्फबाट विष्णु फुँयाल र नेसफाडाको तर्फबाट ऋषि ओझाले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो। ‘लागू औषध दुरूपयोग विरुद्धको ऐक्यबद्धता: व्यक्ति समाज र राष्ट्रको प्रतिबद्धता’ भन्ने मूल नाराका साथ सम्पन्न उक्त कार्यक्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको टोलीले संगित प्रस्तुती गरेको थियो भने लागू औषध सम्बन्धी सचेतनामूलक भिडियो समेत प्रदर्शनी गरिएको थियो । साथै विभिन्न विद्यालयका विद्यार्थीहरूले कविता वाचन तथा नृत्य प्रस्तुती गरेका थिए। गृह सचिव दिनेश भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, गृहमन्त्रालयका महाशाखा प्रमुखहरु तथा अन्य कर्मचारीहरु, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ प्रहरी अधिकृतहरु, विभिन्न मन्त्रालय तथा संघसंस्थाका प्रतिनिधिहरु, नागरिक समाज, संञ्चारकर्मीहरु, विद्यार्थी एवम् आमन्त्रित महानुभावहरुको समेत उपस्थिति रहेको थियो।

## संयुक्त राष्ट्रसंघका उपमहासचिव र प्रहरी महानिरीक्षकबीच शिष्टाचार भेट



*काठमाडौं, १३ असार*

संयुक्त राष्ट्रसंघका Under-Secretary General for Peace Operations, Mr. Jean Pierre Lacroix र प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरबीच नेपाल प्रहरी प्रधान कार्यालयमा शिष्टाचार भेट भएको छ। भेटका अवसरमा उपमहासचिव Lacroix ले संयुक्त राष्ट्र संघको अनुरोधमा विभिन्न देशमा शान्ति स्थापनार्थ खटिएका नेपाल प्रहरीका कर्मचारीहरूको योगदानको उच्च प्रशंसा गर्नुभयो। सो अवसरमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्दै संयुक्त राष्ट्रसंघको विधानप्रति सदैव प्रतिवद्ध रहँदै शान्ति स्थापनार्थ नेपाल प्रहरी परिचालित भई योगदान दिँदै आएको बताउनुभयो। भेटका अवसरमा उहाँहरू बीच संयुक्त राष्ट्रसंघको अनुरोधमा विभिन्न मिसनमा शान्ति स्थापनार्थ परिचालित हुने नेपाल प्रहरीको सहभागिता बढाउने, राष्ट्रसंघमा नेपाल प्रहरीको योगदान र आपसी हित लगायतका बिषयमा छलफल भएको थियो। कार्यक्रममा संयुक्त राष्ट्र संघका नेपालस्थित आवसीय प्रतिनिधि Hanaa Singer-Hamdy, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ, केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक कुबेर कडायत लगायत अन्य वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो।

## कसूर अनुसन्धान गर्ने निकायहरू बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न



*काठमाडौं, १९ असार*

राष्ट्रिय अपराध सूचना केन्द्रको स्थापना र अपराध सम्बन्धी अभिलेखको सूचना आपसमा आदान प्रदान गर्नका लागि कसूरको अनुसन्धान गर्ने निकायहरू बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम नेपाल प्रहरी प्रधान कार्यालयमा सम्पन्न भएको छ। कार्यक्रममा आभार सहितको मन्तव्य व्यक्त गर्दै प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले कसूर अनुसन्धान गर्ने निकायहरू राष्ट्रिय अपराध सूचना केन्द्रमा आवद्ध भएमा सूचनाको आदानप्रदानको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि राम्रो हुने बताउनुभयो। व्यक्तिको गोपनीयता र मौलिक हकलाई मध्यनजर गर्दै अनुसन्धानलाई सहजिकरण गर्नका लागि कुनै पनि अपराधमा संलग्न रहेका व्यक्तिहरूको विवरण आदानप्रदान गर्न सकेमा कसूर अनुसन्धान गर्ने निकायहरू लाभान्वित हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

सो अवसरमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत मन्तव्य व्यक्त गर्नुका साथै कार्यक्रमको विषयवस्तु र उद्देश्यका बारेमा जानकारी दिनुभएको थियो। सूचना केन्द्र साझेदारीको आवश्यकता, नेपाल प्रहरीलाई प्राप्त जिम्मेवारी, हालसम्मको प्रगति, कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरू, तत्काल गर्न सकिने कार्यहरू लगायतका विषयमा आधारित रहेर सहभागीहरू बीच छलफल तथा अन्तरक्रिया भएको उक्त कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयका प्रहरी उपरीक्षक सरोज शाक्यले राष्ट्रिय अपराध सूचना केन्द्रको परिचय र स्थापनाको उद्देश्य लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रममा गृह मन्त्रालयका सहसचिव जितेन्द्र बस्नेत, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक, राजश्व अनुसन्धान विभागका महानिर्देशक, वैदेशिक रोजगार विभागका महानिर्देशक, आन्तरिक राजश्व विभागका महानिर्देशक, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सहन्यायाधिवक्ता, प्रहरी नायव महानिरीक्षकहरू, वन तथा भू-संरक्षण विभागका उप-महानिर्देशक, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको सचिवालयका प्रतिनिधि, भन्सार विभागका प्रतिनिधि, नेपाल राष्ट्र बैंक वित्तीय जानकारी ईकाईका प्रतिनिधि लगायत वरिष्ठ प्रहरी अधिकृतहरूको सहभागिता रहेको थियो।

## प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङद्वारा मिसनमा खटि स्वदेश फिर्ता हुनुभएका प्रहरी कर्मचारीहरुको स्वागत कार्यक्रम सम्पन्न





*काठमाडौं, असार २८*

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान स्थित United Nations Organization Stabilization Mission in the Democratic Republic of the Congo (MONUSCO) मिसनमा मिति २०७८।०९।०६ र २०७९।०९।२६ गते शान्ति स्थापनार्थ खटि गइ आफ्नो कार्यकाल सम्पन्न गरी स्वदेश फर्किनु भएका प्रहरी नायव उपरीक्षक ४ जना र प्रहरी वरिष्ठ नायव निरीक्षक १ सहित जम्मा ५ जना प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत गर्नुभयो। उक्त कार्यक्रममा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले स्वदेश फिर्ता हुनुभएका प्रहरी अधिकृतहरुलाई प्रमाण पत्र वितरण गर्नुका साथै आवश्यक निर्देशन समेत दिनुभयो।

## CRIME & CRIMINAL INFORMATION SYSTEM (CCIS) तालिम सम्पन्न





*काठमाडौं, १८ असार*

राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा मिति २०८० जेठ ३१ गते देखि संचालित १६ कार्यदिन अवधिको गैह-आवासीय CCIS आधारभुत तालिम नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक १, प्रहरी नायव निरीक्षक १, प्रहरी सहायक निरीक्षक ९, प्रहरी हवल्दार ५, प्रहरी सहायक हवल्दार ५ जना र प्रहरी जवान १४ जना सहित जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । **"Crime & Criminal Information System"** तालिमबाट कम्प्युटर सम्बन्धी ज्ञान सिप हासिल गर्नुका साथै दैनिक रुपमा घटेका घटनाहरुलाई Entry गर्न र दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायब महानिरीक्षक अरुण कुमार भण्डारीले बधाई समेत व्यक्त गर्नुभयो । उक्त अवसरमा भण्डारीले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो ।

## "Technical Investigation and analysis" तालिम सम्पन्न







*काठमाडौं, १९ असार*


नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको आयोजनामा Digital Forensics Lab मा मिति २०८० असार १३ गते देखि मिति २०८० असार १९ गते सम्म संचालित ५ कार्यदिन अवधिको गैह-आवासीय प्रविधि अनुसन्धान तथा बिश्लेषण **(Technical Investigation and analysis)** आधारभुत तालिम प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशानलयका प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । काठमाडौं उपत्यका अन्तर्गतका मुद्दा अनुसन्धान गर्ने प्रहरी कार्यालयका प्रहरी कर्मचारीहरुको प्रतिनिधित्व हुने गरी प्रहरी सहायक निरीक्षक ११, प्रहरी हवल्दार ३, प्रहरी सहायक हवल्दार ३ र प्रहरी जवान १४ सहित जम्मा ३१ जनाको प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । **"Technical Investigation and analysis"** तालिमबाट कम्प्युटर सम्बन्धी ज्ञान शिप हासिल गर्नुका साथै सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीले बधाई समेत दिनुभयो । उक्त अवसरमा प्र.ना.म.नि.ले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो ।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको असार महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (वैशाख-असार)




## त्रैमासिक मुद्दा दर्ता र फछर्यौट संख्या (वैशाख-असार)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०७९/८० असार सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०७९।०८० असार)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७९।०८० असार)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०७९।०८० असार)





## २०८० असार महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० असार महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० असार महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० असार महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २०२ | २४ वर्ष ६ महिना २५ दिन | २,९२,८५,६१९ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १२२ | ९६वर्ष १ महिना १९ दिन | २६,५२,६४९ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | २१३ | ३१ वर्ष १७ दिन | २६,७३,७९६ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ११२ | ३७ वर्ष ११ महिना १४ दिन | १७,४३,२४४ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ८४ | ७६ वर्ष १० महिना २९ दिन | ७६,३२,९१० |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ७२ | ४९ वर्ष ७ दिन | २,५६,२९८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | २७ | २० वर्ष ११ महिना १३ दिन | ५,३३,०३४ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | २९ | ३३ वर्ष ५ महिना २७ दिन | ३,०१,५९० |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ११ | ४४ वर्ष १ महिना १४ दिन | १,२७,२५,००० |
| **जम्मा** | | **८७२ जना** | **४१४ वर्ष २ महिना १५ दिन** | **रु.५,७८,०४,१४०।-** |

## २०८० असार महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० जेठ र असार महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० असार महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० असार महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | १०४४२१ | ७७३१४ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | २२९ | १९३ |
| ३ | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | ५ | ५ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १३ | ९ |
| ५ | औंठाछाप प्रमाणिकरण | १८८ | १८८ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ७ | ७ |
| जम्मा | | १०४८६३ | ७७७१७ |

# सामुदायिक प्रहरी गतिविधि

२०८० असार महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)










***जनचेतनामूलक कार्यक्रम को केही झलकहरु :-***

# आसरा सुधार केन्द्र

## २०८० असार महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## असार महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ७ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | २८ जना |
| ३. | हराएका विदेशी नागरिक | ३ जना |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | ५,४७१ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | १३ जना |

# खोजतलास तथा समन्वय

## २०८० असार महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## असार महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- DFL शाखाबाट असार महिना भित्र बिभिन्न १७ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, साईवर क्राईम, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ती करणी, सवारी ज्यान) अन्तर्गत ८४ वटा मुद्दाको ३४७ वटा सबुदहरु परिक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- असार महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- **नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौंबाट २०८०/०३/०१ गतेदेखि २०८०/०३/ ३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी एकाईहरुबाट परीक्षणको लागि ६४२ केशहरु र ५८४२ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी ७११ केशहरु र ५१९४ नमुनाहरु परीक्षण गरिएको ।
- **मिति २०८०/०३/०१ गतेदेखि २०८०/०३/३१ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा २०३० DATA Entry** भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८० /०३/०१ गतेदेखि २०८०/०३/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी एकाईहरुबाट परीक्षणको लागि १९९ केशहरु र ६३३ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी १२६ केशहरु र ४३३ नमुनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८० /०३/०१ गतेदेखि २०८०/०३/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी एकाईहरुबाट परीक्षणको लागि ४६ केशहरु र १४३ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी ६७ केशहरु र १९४ नमुनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८० असार महिनामा परिचालित संख्या**






# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हँसिया प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

***स्याङ्जा, २ असार***

अर्जुनचौपारी गाउँपालिका-६ सिंउडिबारी बस्ने ९ वर्षीय हर्षित देवकोटालाई हँसिया प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने २१ वर्षीय सुजन चुवाई (सुवेदी) लाई प्रहरीले पक्राउ गरेको छ। सुजनले हँसिया प्रहार गरी हर्षितको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरीले घटना पश्चात फरार रहेका सुजनलाई पुतलीबजार नगरपालिका-१ बाट फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १३ असार***

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी मकवानपुर हेटौंडा उपमहानगरपालिका-१७ बस्ने ३३ वर्षीय सूर्य थोकर भन्ने सूर्य बहादुर थोकरलाई प्रहरीले पक्राउ गरेको छ। पीडित महिलालाई थोकर समेतका प्रतिवादीहरुले २०६८ असोज २६ गते राति पीडितकै घरमा पालैपालो बलात्कार गरी धारिलो हतियारले घाँटी रेटी हत्या गरेको कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत मकवानपुरको २०७८ वैशाख ५ गतेको फैसलाले ज्यान मारेको तर्फ २० वर्ष, ज्यान मार्ने षडयन्त्र गरेतर्फ १२ वर्ष, जबरजस्ती करणी गरेतर्फ ७ वर्ष र सामूहिक रुपमा जबरजस्ती करणी गरेतर्फ ५ वर्ष गरी जम्मा ४४ वर्ष कैद सजाय ठहर भई फरार भएका थोकरलाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले उदयपुर त्रियुगा नगरपालिका-१२ गाईघाटबाट पक्राउ गरेको हो। उनलाई सम्मानित मकवानपुर जिल्ला अदालतको आदेशले कारागार कार्यालय भिमफेदी पठाइएको छ।

### श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

***सप्तरी, २० असार***

आफ्नै श्रीमतीको ३२ वर्षीया किरण कुमारी चौधरीको हत्या गरेको अभियोगमा सम्भुनाथ नगरपालिका-५ मोहनपुर बस्ने ईनरदेव चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। खाना खाई आफ्नो कोठामा सुतेकी किरण कुमारी बेहोस अवस्थामा फेला परेको र तत्काल उपचारको लागि कठौनास्थित कृष्ण अस्पतालमा लगिएकोमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनसाथ प्रहरी चौकी कठौना र ईलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरीले ईनरदेवलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा उनको संलग्नता रहेको खुल्न आएको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***नवलपरासी(पश्चिम), २५ असार***

रामग्राम नगरपालिका-१० मंझरिया बस्ने २५ वर्षीया मिरा चौधरीको हत्या गरेको अभियोगमा उनकै देवर २७ वर्षीय चन्दन चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। जगाको बिषयलाई लिएर वादविवाद एवम् झैं-झगडा हुँदा चन्दनले मोटरसाइकलको शकरले प्रहार गर्दा गम्भीर घाइते भएकी मिरा चौधरीको जिल्ला अस्पताल परासी हुँदै मेडिकल कलेज भैरहवा रूपन्देहीमा थप उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय नवलपरासी (पश्चिम) बाट खटिएको प्रहरीले चन्दनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गर्ने दुई महिला पक्राउ

***काठमाडौं, २ असार***

अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा २ जनालाई काठमाडौंबाट प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा काठमाडौं महानगरपालिका-१५ बौद्ध बस्ने ४५ वर्षीया निर्मला महर्जन र बारा जितपुर सिमरा उपमहानगरपालिका-१ बस्ने २६ वर्षीया अल्पा ढकाल रहेका छन्। अमेरिका बस्दै आएका प्रतिवादी मध्येका टंकराज बस्नेतले फेसबुक र म्यासेन्जरमा छुट्टाछुट्टै २ वटा प्रोफाइल खोली पीडितसँग चिनजान गरी अमेरिकाको ग्लेनउड स्प्रिङ नामको नेपाली रेष्टुरेन्टमा काम गर्ने गरेको र Profit Stock Option TFX नामक अन्तर्राष्ट्रिय कम्पनीमार्फत भारतीय होटल तथा रेष्टुरेण्टमा मासिक २ हजार देखि ३ हजार डलर सम्मको जागिर लगाई दिन्छु भन्दै नेपालमा रहेका निर्मला महर्जन, अल्पा ढकाल समेत मार्फत विश्वास दिलाई झुक्यानमा पारी ३६ जना पीडितहरूको १ करोड ६१ लाख २० हजार ५ सय रुपैयाँ रकम ठगी गरेको भन्ने जाहेरीको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न निर्मला र अल्पालाई पक्राउ गरेको हो। उनीहरू उपर ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।

### विभिन्न धनमाल चोरी

***काठमाडौं, ९ असार***

मोरङ, धनपालथान गाउँपालिका-४ कर्सिया बजारस्थित रंगेली नगरपालिका-७ बस्ने दिपेन सोनीको राधेकृष्ण ज्वेलर्सबाट ल्यापटप १ थान, करिब ४ तोला सुनको गहना, करिब ४ सय ४० तोला चाँदीको गहना समेत गरी करिब १० लाख ९३ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ।

ललितपुर, महालक्ष्मी नगरपालिका-४ केरूटोल डेरा गरी बस्ने धनकुटा बिचबजार घर भएका ४२ वर्षीय मनोज श्रेष्ठको कोठाबाट सुन र चाँदीका विभिन्न गहना तथा नगद समेत गरी करिब १० लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### एटीएम तोडफोड कार्यमा संलग्न दुई जना पक्राउ

***काठमाडौं, ११ असार***

काठमाडौं महानगरपालिका-१५ डल्लु सिद्धार्थ चोक नजिकै रहेको माछापुच्छे बैंकको एटीएम तोडफोड गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने दैलेख घर भएका २३ वर्षीय पारस ठकुरी र दोलखा मेलुङ गाउँपालिका-५ घर भएका १९ वर्षीय चन्द्र तामाङ रहेका छन्। एटीएम तोडफोड गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले तोडफोडमा संलग्न उनीहरुलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## विद्युतिय ट्रान्सफर्म चोरी गर्ने चार जना पक्राउ

***रौतहट, १९ असार***

रौतहटका विभिन्न स्थानहरुबाट विद्युतिय ट्रान्सफर्म चोरी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा गरुडा नगरपालिका-६ पोठियाही बस्ने ४२ वर्षीय अशोक साह, कटहिया नगरपालिका-१ भसेढवा बस्ने ४६ वर्षीय रामलाल महतो, सोही ठाउँ बस्ने ३६ वर्षीय बिरेन्द्र राय र ३७ वर्षीय सुखल महतो रहेका छन् । रौतहटका विभिन्न स्थानहरूका ट्रान्सफर्मरहरुबाट तार लगायतका सामान चोरी गरेको घटना अनुसन्धानको क्रममा खटिएको प्रहरीले गरुडा नगरपालिका-४ स्थित कवारबाट तामाको चुडी १ सय ७५ किलो ७ सय ग्राम, तामाको क्वाईल १ सय २९ किलो ३०० ग्राम, खुल्ला तामाको तार ७१ किलोग्राम बरामद उनीहरुलाई पक्राउ गरेको हो । साथै उनीहरूबाट मोटरसाइकल २ थान, १ थान स्कुटर र मोबाइल ४ थान समेत प्रहरीले बरामद गरेको छ । उनीहरू उपर जिल्ला अदालत रौतहटबाट चोरी सम्बन्धी कसूरमा म्याद थप गरी आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न हाल फरार अन्य व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ ।

## दोहोरो नागरिकता बनाएको कसूरमा दुई जना पक्राउ

***कञ्चनपुर, २० असार***

दोहोरो नागरिकता बनाएको कसूरमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बैतडी पंचेश्वर गाउँपालिका-५ बस्ने ३९ वर्षीया कलावती चन्द र ५८ वर्षीय गम्भिर चन्द रहेका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा गत वैशाख २८ गते दोहोरो नागरिकता सम्बन्धी कसूरमा उनीहरू उपर जाहेरी दर्ता भएपछि अनुसन्धानको सिलसिलामा उक्त कार्यालयबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालत कञ्चनपुरबाट म्याद थप भई प्रहरीबाट थप अनुसन्धान भइरहेको छ ।

## श्रृङ्खलाबद्ध रूपमा जबरजस्ती सुनको सिक्री लुटपाट गर्ने पाँच जना पक्राउ

***काठमाडौं, २४*** असार

काठमाडौं उपत्यकाका विभिन्न आठ स्थानमा श्रृङ्खलाबद्ध रूपमा जबरजस्ती सुनको सिक्री लुटपाटमा संलग्न ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पक्राउ पर्नेहरूमा रामेछाप लिखु गाउँपालिका-१ दुरागाउँ घर भई काठमाडौं हाडीगाउँ बस्ने ३२ वर्षीय रबिन दमाई, सुनसरी धरान उपमहानगरपालिका-८ घर भई काठमाडौं चाबहिल बस्ने १८ वर्षीय किशोर, काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका-७ घर भई काठमाडौं बानेश्वर बस्ने २६ वर्षीय उमेश क्षेत्री, धनकुटा लेगुवा गाउँपालिका-७ घर भई काठमाडौं महानगरपालिका-९ राममन्दिर बस्ने ३० वर्षीय राहुल माझी र भारत पश्चिम बगाल घर भई काठमाडौं न्यूरोड बस्ने ४२ वर्षीय श्रीकान्ता माइती रहेका छन् । काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा मोटरसाइकलको प्रयोग गरी विशेषत बिहानको समयमा मनिङवाकमा हिँडिरहेका महिलाहरूले घाँटीमा लगाएको सुनका सिक्रीहरू जबरजस्ती लुटपाट हुने गरेको घटनाको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा लुटपाटमा संलग्न उनीहरूलाई काठमाडौं बुढानिलकण्ठ तथा उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको हो । उनीहरूबाट लुटपाटमा प्रयोग भएका मोटरसाइकल २ थान, सुनको ढिक्का ११.२ ग्राम, मोबाइल ६ थान र सुनको नेक्लेस ४७ ग्राम बरामद भएको छ । उनीहरूलाई चोरी सम्बन्धी कसूरमा थप अनुसन्धान तथा कारवाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

## वैदेशिक रोजगारीबाट फर्केका श्रमिक मार्फत सुन तस्करी गर्ने १२ जना पक्राउ

***काठमाडौं, २५ असार***

वैदेशिक रोजगारीबाट फर्केका श्रमिक मार्फत करिब साढे २ अर्ब रूपैयाँ बराबरको सुन तस्करी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा १२ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धनुषा, धनुषाधाम नगरपालिका-५ बस्ने ३४ वर्षीय नरेश पंजियार, सिरहा पर्टेवा नगरपालिका-१७ बस्ने २४ वर्षीय दिनेश कुमार यादव, बाँके राप्ती सोनारी गाउँपालिका-४ बस्ने ३६ वर्षीय भुम बहादुर वली, धनुषा मिथिला बिहारी नगरपालिका-५ बस्ने २५ वर्षीय सुनिल कुमार महरा, कपिलवस्तु शुद्धोधन गाउँपालिका-६ बस्ने २३ वर्षीय सन्त गुलाम मुराव, सप्तरी घर भई काठमाडौं सिनामंगल बस्ने २८ वर्षीय विनोद कुमार साह, उनकै श्रीमती २५ वर्षीया सन्जु कुमारी साह, सप्तरी घर भई काठमाडौं सिनामंगल बस्ने २७ वर्षीय देवनन्दन साह, सप्तरी घर भई भक्तपुर ठिमी बस्ने २२ वर्षीय दुर्गा प्रसाद यादव, सर्लाही घर भई काठमाडौं बागबजार बस्ने ५६ वर्षीय निमाई साह, सिरहा लहान नगरपालिका-४ बस्ने शिव सुन्दर राउत र सिरहा लहान नगरपालिका-४ हनुमाननगर बस्ने मोहन कुमार यादव रहेका छन् । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा नेपाल वायु सेवा निगमको उडानद्वारा कतारबाट आउन लागेका नरेश पन्जियार लगायतका व्यक्तिहरू मार्फत भन्सार छली गरी सुन कतारबाट नेपाल पठाउन लागेको र विनोद, सन्जु कुमारी, दुर्गा, देवनन्दन उक्त सुन रिसिभ गर्नेको लागि एयरपोर्टमा आउन लागेको भन्ने सूचना आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अन्तराष्ट्रिय आगमन कक्ष तर्फको पार्किङ स्थलबाट पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा सन्जु कुमारीले भन्सार छली चोरी पैठारी गरी ल्याएको केही सुनहरू काठमाडौं बागबजारस्थित निमाई साहको सुर्पना ज्वेलर्समा लगि बिक्री गर्ने गरेको खुल्न आएपछि निमाई तथा उक्त कार्यमा सलंग्न शिव सुन्दर र मोहन कुमारलाई समेत प्रहरीले पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर टेकु, काठमाडौं पठाइएको छ ।

## सुनका विभिन्न गरगहना र नगद चोरी

***नवलपरासी(पूर्व), ३० असार***

गैंडाकोट नगरपालिका-७ पिसपार्क टोल बस्ने चुडामणि सापकोटाको घरबाट करिब ९ तोला सुनको गरगहना र नगद ३० हजार रुपैयाँ समेत गरी करिब ९ लाख ३० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । घरमा कोही नभएको अवस्थामा अपरिचित व्यक्तिहरूले घरको मुल ढोकाको ताला र कोठामा रहेको दराजको ताला खोली उक्त गरगहना र नगद चोरी गरी लगेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गैंडाकोटबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, १० असार***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा उदयपुरगढी गाउँपलिका-८ केवरपानी बस्ने ४७ वर्षीय टेकमान मोक्तान (तामाङ) लाई प्रहरीले पक्राउ गरेको छ । टेकमानले ती बालिकालाई सोही ठाउँ गडेरेस्थित झाडीमा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी पोष्ट नेपालटारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ८ असार***

१६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा नागार्जुन नगरपालिका-७ घर भएका ४५ वर्षीय प्रभुराम सिलवाललाई प्रहरीले पक्राउ गरेको छ । सिलवाले ती किशोरीलाई ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, १७ असार***

६ वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ताप्ली गाउँपालिका-३ दगले बस्ने ३५ वर्षीय मकर बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ । मकरले ती नाबालिकालाई आफ्नै घरमा गत जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी रामपुर झिल्केबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १८ असार***

रूपन्देही, १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सियारि गाउँपालिका-४ ओर्लहबा बस्ने ५० वर्षीय चन्द्रीका हरिजनलाई प्रहरीले पक्राउ गरेको छ । हरिजनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय छपियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

हुम्ला, ८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा अदानचुली गाउँपालिका-३ फडेरा गाउँ बस्ने २७ वर्षीय जनक बुढालाई प्रहरीले पक्राउ गरेको छ । कामको सिलसिलामा बुबासँगै उक्त गाउँमा गएकी ती बालिकालाई जनकले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी श्रीनगरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । दुवै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २४ असार***

बागलुङ,१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा निसीखोला गाउँपालिका-४ जाडेपा बस्ने १७ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । किशोरले ती किशोरीलाई सोही गाउँपालिका-४ जाडेपास्थित पानीखोला जंगलमा जबरजस्ती करणी गरेको उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय झिवाखोलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

रुपन्देही, ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बुटवल उपमहानगरपालिका-११ बिनापाते बस्ने २१ वर्षीय सुनिल परियारलाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई परियारले बालिकाकै घरमा जबरजस्ती करणी गरेको उजुरीको आधारमा वडा प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनलाई पक्रउ गरेको हो । दुवै घटनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# लागू औषध सम्बन्धी

## अवैध लागू औषध सहित विभिन्न स्थानबाट ९ जना पक्राउ

***काठमाडौं, ९ असार***

धादिङ, बेनीघाट रोराङ गाउँपालिका-९ मझिमटारबाट अवैध लागू औषध गाँजा करिब ६ सय १३ किलोग्राम सहित भारत मोतिहारी मलायथाना नगदाहग्राम बस्ने २७ वर्षीय राजिब तिवारीलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय गजुरी र प्रहरी चौकी जोगीमाराबाट खटिएको संयुक्त टोलीले काठमाडौंबाट भारततर्फ जाँदै गरेको एचआर ३८ यु ३४३१ नम्बरको कन्टेनरलाई जाँच गर्ने क्रममा चालकको सिट माथि फल्स बटम बनाई लुकाई छिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी कन्टेनर चालक तिवारीलाई पक्राउ गरेको हो ।

बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागू औषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम सहित जुम्ला, जुम्ला गाउँपालिका-९ बस्ने २४ वर्षीय प्रकाश बुढालाई प्रहरीले पक्राउ गरेको छ । लागू औषध नियन्त्रण व्यूरो नेपालगंज र ईलाका प्रहरी कार्यालय, जमुनाहबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

कैलाली, धनगढी उपमहानगरपालिका-१० घुईयाघाटबाट अवैध लागू औषध ब्राउनसुगर २ सय २० मिलिग्राम सहित सोही उपमहानगरपालिका-१० बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय, कैलालीबाट खटिएको प्रहरीले उनलाई उक्त लागू औषध सहित फेला पारी पक्राउ गरेको हो ।

झापा, झापा गाउँपालिका-४ खयरबारीबाट अवैध लागू औषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १ ग्राम ७ सय मिलिग्राम सहित भारत घर भएका २८ वर्षीय कार्तिक सिंहलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी टाघनडुब्बाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

यसैगरी झापा, दमक नगरपालिका-३ हुम्से दुम्सेबाट अवैध लागू औषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्रामसहित सोही ठाउँ बस्ने २२ वर्षीय अभिषेक नेम्वाङलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बाघखोरबाट खटिएको प्रहरीले ना.४३ प १०३४ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा स्कुटरमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

रौतहट, चन्द्रपुर नगरपालिका-४ स्थितबाट अवैध लागू औषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ४ सय ६० मिलिग्राम सहित सोही ठाउँ बस्ने ३० वर्षीय बिबेक गुरौलाई प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा खटिएको प्रहरीले ना.५८ प ४२४६ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक गुरौलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

कपिलवस्तु, शिवराज नगरपालिका-९ रमुदहवाबाट अवैध लागू औषध चरेश करिब ४ केजी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ४२ वर्षीय कृष्ण बहादुर घर्ती मगर र उनकै श्रीमती ३९ वर्षीया मशान्ती घर्ती मगर रहेका छन् । ईलाका प्रहरी कार्यालय, सुन्दरीडाँडाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागू औषध सहित फेला पारी पक्राउ गरेको हो ।

सप्तरी, कञ्चनरुप नगरपालिका-२ बरमझीया चोकबाट अवैध लागू औषध ब्राउनसुगर २ मिलिग्राम सहित भारत बिहार राज्य मोतिहारी थाना रक्सौल ग्रामपंचायत पनसोखा-५ धुपवर टोल बस्ने ४२ वर्षीया लालमती देवी रामलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय, कञ्चनपुरबाट खटिएको प्रहरीले उनलाई उक्त लागू औषध सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागू औषध सहित पक्राउ

***काठमाडौं, ११ असार***

काठमाडौं, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको व्यागेज चेकिङ एरियाबाट अवैध लागू औषध चरेश जस्तो देखिने पदार्थ ८ केजी ७ सय ४० ग्राम, टर्किस एयरलाईन्सको व्याग ट्याग सहितको बोर्डिङ पास २ थान, २ हजार ५ सय भारतीय रुपियाँ, २ हजार ३ सय ९० यूरो, २ सय ६० पाउण्ड स्टर्लिङ र मोबाइल ३ थान सहित मोल्दोभा र रोमानियाको राहदानी बाहक ४१ वर्षीय DENIS CUCEREAVII लाई प्रहरीले पक्राउ गरेको छ । टर्किस एयरलाईन्सको उडानद्वारा काठमाडौंबाट स्तानबुल हुँदै जुरिच स्वीजरल्याण्ड प्रस्थान गर्न लागेका उनको लगेज जाँच गर्ने क्रममा लगेजभित्र फल्सबटम बनाई खैरो रंगको प्लाष्टिकले ज्यापिङ गरी लैजान लागेको उक्त परिमाणको लागू औषध र नगद सहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर र लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले फेला पारी उनलाई पक्राउ गरेको हो ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट अवैध लागू औषध गाँजा करिब १४ केजी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा भारत उत्तर प्रदेश जिल्ला बलिया गरवार बिसुकिया बस्ने ३४ वर्षीय हनुमान विंद र उनकै श्रीमती ३५ वर्षीया सर्मिला मण्डल रहेका छन् । प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागू औषध सहित पक्राउ गरेको हो ।

यसैगरी मकवानपुर, हेटौंडा उपमहानगरपालिका-८ कमानेबाट अवैध लागू औषध खैरो हिरोईन जस्तो देखिने पदार्थ २५ ग्राम, तौल गर्ने मेसिन १ थान, नगद ५ हजार रुपैयाँ र मोबाइल ५ थान सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने ३१ वर्षीय बिशाल रावत, सोही ठाउँ बस्ने १८ वर्षीय किशोर र सोही उपमहानगरपालिका-१० निउरेनी बस्ने ३२ वर्षीय बिमल भोलन रहेका छन् । बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरुलाई उक्त लागू औषध सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागू औषध सहित ६ जना पक्राउ

***काठमाडौं, १२ असार***

मकवानपुर, भिमफेदी गाउँपालिका-२ भैंसेबाट अवैध लागू औषध गाँजा ७ केजी ९ सय ग्राम सहित हेटौंडा उपमहानगरपालिका-१४ मयुरधाप बस्ने ३१ वर्षीय राम बहादुर गोले सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी भैंसेबाट खटिएको प्रहरीले पालुङबाट हेटौंडातर्फ जाँदै गरेको बा.१२ च ५६४९ नम्बरको कारलाई जाँच गर्ने क्रममा कारमा सवार उनीहरूलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो ।

कैलाली, टिकापुर नगरपालिका-१ बनगाउँस्थित सडकबाट अवैध लागू औषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ सय ७० मिलिग्राम सहित सोही नगरपालिका-३ शंकरपुर बस्ने ३० वर्षीय देबेन्द्र बहादुर शाहीलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

बाँके, नेपालगंज उपमहानरपालिका-२० राझा चोकबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा दाङ घोराही उपमहागनगरपालिका-१४ बस्ने २६ वर्षीय दिपक वली र सोही ठाउँ बस्ने २२ वर्षीय सुनिल चौधरी रहेका छन् । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागू औषध सहित पक्राउ तथा बरामद

***काठमाडौं, २० असार***

झापा, झापा गाउँपालिका-४ सुकुम्बासी टोलबाट अवैध लागू औषध ब्राउनसुगर २ ग्राम सहित कनकाई नगरपालिका-३ बस्ने २४ वर्षीय मनिष वाग्लेलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी टाघनडुब्बाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

मोरङ, लेटाङ नगरपालिका-८ बस्ने २५ वर्षीय सुवास कार्की समेत ५ जनालाई नियन्त्रित लागू औषध स्पासपेन २ सय चक्की, ट्रामाडोल ६ सय ४५ चक्की र ५ सय ग्राम गाँजा सहित प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागू औषध सहित पक्राउ गरेको हो ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१९अधेरीखोलास्थित सडकमा रोकी राखेको आरजे ०२ जिए ८३८८ नम्बरको भारतीय ट्रकबाट अवैध लागू औषध गाँजा करिब १ सय ५० केजी प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीले उक्त ट्रकलाई जाँच गर्ने क्रममा लुकाई छिपाई प्लाष्टिकको टेपले रोलिङ गरी राखेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# अन्य अपराध

## जुवातास खेलिरहेको १२ जना अवस्थामा पक्राउ

***काठमाडौं, ३ असार***

काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिका-१ गागलफेदी बस्ने कृष्ण खड्काको घरमा जुवातास खेलिरहेको अवस्थामा खड्का समेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरी प्रभाग साँखुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ९५ हजार ३ सय ३५ रूपैयाँ र ३ बुक ताससहित फेला पारी पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं, टोखा नगरपालिका-३ धनेश्वर डेरा गरी बस्ने गोरखा बारपाक सुलिकोट गाउँपालिका-२ घर भएकी २० वर्षीया सबिता घलेको कोठामा जुवातास खेलिरहेको अवस्थामा घले समेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ९० हजार रूपैयाँ र ३ बुक तास सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## गाईको बाच्छी काटेको अभियोगमा तीन जना पक्राउ

***रोल्पा, ११ असार***

गाईको बाच्छी काटेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा माडी गाउँपालिका-५ मेलपोखरी बस्ने २१ वर्षीय नरेश बिक, २१ वर्षीय मनोज परियार र १८ वर्षीय किशोर रहेका छन् । नरेश बिकको घरमा गाईको बाच्छी काटी मासु लुकाएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी भावाङबाट खटिएको प्रहरीले गाईको बाच्छीको टाउको, २० केजी मासु, मासु काट्न प्रयोग गरिएको बन्चरो र खुकुरी सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## ललिता निवास क्याम्पको सरकारी जग्गा हिनामिना प्रकरणमा फरार चार जना पक्राउ

***काठमाडौं, १३ असार***

ललिता निवास क्याम्पको सरकारी जग्गा हिनामिना प्रकरणमा संलग्न रही फरार रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-५ बस्ने ६९ वर्षीय मिन बहादुर गुरूङ, सोही महानगरपालिका-७ रातोपुल बस्ने ८० वर्षीय धर्म प्रसाद गौतम, सोही महानगरपालिका-४ धुम्बाराही बस्ने ६५ वर्षीय सुधिर शाह र चन्द्रागिरी नगरपालिका-३ थानकोट बस्ने ६० वर्षीय गोपाल कार्की रहेका छन्। जग्गा प्राप्ती ऐन, २०१८ बमोजिम तत्कालीन श्री ५ को सरकारले मुआब्जा दिई अधिग्रहण गरी नेपाल सरकार, समरजंग कम्पनीको नाममा दर्ता कायम रहेको काठमाडौं महानगरपालिका-४ बालुवाटारस्थित सरकारी जग्गा व्यक्तिको नाममा दर्ता कायम गरी हिनामिना गरेको सरकारी छाप दस्तखत कीर्ते मुद्दाको अनुसन्धानको क्रममा वारदात पश्चात फरार रहेका उनीहरूलाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनीहरू उपर थप आवश्यक अनुसन्धान भइरहेको छ।

## पाटेबाघको छाला र वन्यजन्तुको हड्डी सहित तीन जना पक्राउ

***बाँके, १५ असार***

कोहलपुर नगरपालिका-११ हाम्रो बजारस्थितबाट ९ फिट ५ इन्च लामो पाटेबाघको छाला र १ सय ३० वटा हड्डी गरी जम्मा ६ केजी ८ सय १८ ग्राम वन्यजन्तुको हड्डी सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा दैलेख ठाटिकाँध गाउँपालिका-४ बस्ने ३० वर्षीय सुनिल चुनारा, दैलेख भगवतीमाई गाउँपालिका-५ बस्ने ४० वर्षीय नविन कुमार कसेरा र अछाम पन्चदेवल नगरपालिका-२ बस्ने ३६ वर्षीय टोपेन्द्र शाही रहेका छन्। सो ठाउँस्थित पूर्व पश्चिम राजमार्ग सडक खण्डमा बन्यजन्तुको हड्डी र पाटेबाघको छाला ओसार पसार गरिरहेको भन्ने सूचनाको आधारमा लुम्बिनी प्रदेश अनुसन्धान प्रहरी ब्यूरो र ईलाका प्रहरी कार्यालय कोहलपुरबाट संयुक्त रुपमा खटिएको प्रहरीले शंकास्पद रुपमा हिँडिरहेका उनीहरुलाई जाँच गर्ने क्रममा उक्त छाला र हड्डी सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## श्रृङ्खलाबद्ध रूपमा जबरजस्ती सुनको सिक्री लुटपाट गर्ने पाँच जना पक्राउ

***काठमाडौं, २४ असार***

काठमाडौं उपत्यकाका विभिन्न आठ स्थानमा श्रृखंलाबद्ध रूपमा जबरजस्ती सुनको सिक्री लुटपाटमा संलग्न ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पक्राउ पर्नेहरूमा रामेछाप लिखु गाउँपालिका-१ दुरागाउँ घर भई काठमाडौं हाडीगाउँ बस्ने ३२ वर्षीय रबिन दमाई, सुनसरी धरान उपमहानगरपालिका-८ घर भई काठमाडौं चाबहिल बस्ने १८ वर्षीय किशोर, काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका-७ घर भई काठमाडौं बानेश्वर बस्ने २६ वर्षीय उमेश क्षेत्री, धनकुटा लेगुवा गाउँपालिका-७ घर भई काठमाडौं महानगरपालिका-९ साममन्दिर बस्ने ३० वर्षीय राहुल माझी र भारत पश्चिम बगाल घर भई काठमाडौं न्यूरोड बस्ने ४२ वर्षीय श्रीकान्ता माइती रहेका छन् । काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा मोटरसाइकलको प्रयोग गरी विशेषत बिहानको समयमा मर्निङवाकमा हिँडिरहेका महिलाहरूले घाँटीमा लगाएको सुनका सिक्रीहरू जबरजस्ती लुटपाट हुने गरेको घटनाको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा लुटपाटमा संलग्न उनीहरूलाई काठमाडौं बुढानिलकण्ठ तथा उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरूबाट लुटपाटमा प्रयोग भएका मोटरसाइकल २ थान, सुनको ढिक्का ११.२ ग्राम, मोबाइल ६ थान र सुनको नेक्लेस ४७ ग्राम बरामद भएको छ। उनीहरूलाई चोरी सम्बन्धी कसूरमा थप अनुसन्धान तथा कारवाहीका लागि जिल्ला प्रहरी परिसर, काठमाडौं पठाइएको छ।

## भुटानी शरणार्थी बनाई अमेरिका लैजाने भन्दै ठगी गर्ने समूहका थप एक जना पक्राउ

***काठमाडौं, २८ असार***

नेपाली नागरिकहरूलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजाने भन्दै ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-१६ नयाँबजार खुशिबु ठेगाना भएका ५९ वर्षीय केशब तुलाधरलाई प्रहरीले पक्राउ गरेको छ। नेपाली नागरिकहरूलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाउने भन्दै विभिन्न किसिमका प्रलोभनमा पारी विश्वास दिलाई पीडितहरूलाई ठगी गर्ने कार्यमा संलग्न रही फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं सानोभऱ्याङबाट पक्राउ गरेको हो। उनलाई ठगी तथा संगठित अपराध समेतको कसुरमा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर टेकु, काठमाडौंमा पठाइएको छ।

## भारतको आसाम पुऱ्याई नाबालिका बेचबिखन गर्ने अभियुक्त पक्राउ

***काठमाडौं, १ जेठ***

भारतको आसाम पुऱ्याई नाबालिका बेचबिखन गरेको अभियोगमा म्याग्दी रघुगंगा गाउँपालिका-३ बस्ने ३० वर्षीया अप्सरा भन्ने एलिना खत्रीलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौंमा बस्ने आफन्तकोमा जान्छु भनि नुवाकोटबाट बसमा जाने क्रममा ती नाबालिकालाई बसमा सँगै रहेका पुरूषले खानेकुरा तथा पानीमा बेहोश हुने औषधी मिसावट गरी खुवाई बेहोश बनाई भारत आसामको कछर सिल्चर भन्ने स्थानको रेड लाइट एरियाको कोठीमा पुऱ्याई बेचबिखन गरी जबरजस्ती वेश्यावृत्तिमा लगाई राखेको अवस्थामा नेपाल प्रहरी, भारतीय प्रहरी र माईती नेपालको सहयोगमा ती नाबालिकाको उद्दार गरिएको थियो । थप अनुसन्धानको क्रममा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय, झापाको समन्वयमा उक्त कार्यमा संलग्न एलिना खत्रीलाई झापाबाट पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ भने कसूरमा संलग्न अन्य फरार प्रतिवादीहरूको समेत खोजी भइरहेको छ।

## गैंडाको खाग सहित तीन जना पक्राउ

***ललितपुर, ३ जेठ***

ललितपुर महानगरपालिका-४ स्टिलटावर चोक नजिकबाट २ सय ९७ मिलिग्राम तौल भएको गैंडाको खाग (ओखेटोपहार) सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा चितवन राप्ती नगरपालिका-५ भवानीपुर घर भई ललितपुर एकान्तकुना बस्ने २८ वर्षीय रोशन घिमिरे, २४ वर्षीय युवराज घिमिरे र धादिङ बेनिघाट रोराङ गाउँपालिका-२ घर भई काठमाडौं नयाँबजार बस्ने २८ वर्षीय वीरेन्द्र तामाङ रहेका छन्। उक्त चोक नजिक गैंडाको खाग खरिद बिक्री गर्दै गरेको भन्ने विशेष सूचनाको आधारमा खटिएको प्रहरीले उनीहरूलाई उक्त खाग सहित फेला पारी पक्राउ गरेको हो। उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि डिभिजन वन कार्यालय गोदावरी ललिपुरमा पठाइएको छ।

## अनलाइनबाट नाबालिकालाई शोषण र दुर्व्यवहार गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १० जेठ***

अनलाइनबाट नाबालिकालाई शोषण र दुर्व्यवहार गरेको अभियोगमा कास्की पोखरा महानगरपालिका-१९ पुरनचौर बस्ने २१ वर्षीय मनीष भुजेललाई प्रहरीले पक्राउ गरेको छ। भुजेलले सामाजिक सञ्जाल ईस्न्याप च्याट एवम् भाइबर मार्फत पीडित नाबालिकासँग कुराकानीकै क्रममा विभिन्न प्रलोभन देखाई, फकाई-फुल्याई अश्लील कुराकानी तथा भिडियो च्याट गरी सो कार्यको स्क्रिन रेकड गरेको, पीडितले त्यस्ता अवाञ्छित हर्कत गर्न नमानेपछि धम्कीपूर्ण म्यासेज पठाउनुका साथै पीडितकी आमालाई समेत विभिन्न अनर्गल कुराकानीहरू गरी म्यासेज पठाई पीडित नाबालिकालाई अनावश्यक मानसिक तनाव, दु:ख, हैरानी र बेइज्जत गर्नुका साथै चरित्रहत्या गरेको खुल्न आएपछि नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय, कास्कीको सहयोगमा उनलाई कास्की पोखराबाट पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप गरी प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## संरक्षित वन्यजन्तु गैंडाको खाग (आखेटोपहार) सहित तीन जना पक्राउ

***काठमाडौं ,१३ जेठ***

नवलपरासी (पश्चिम) रामग्राम नगरपालिका-१८ धरमपुरबाट संरक्षित वन्यजन्तु गैंडाको खाग (आखेटोपहार) जस्तो देखिने वस्तु १ थान सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही नगरपालिका-१८ धरमपुर बस्ने ६५ वर्षीय होम बहादुर वि.क.,४३ वर्षीय कृष्ण बहादुर महतो र ६८ वर्षीय सिखा राम थारु रहेका छन्। संरक्षित वन्यजन्तुको आखेटोपहार अबैध रुपमा ओसारपसार तथा खरिद बिक्री भइरहेको भन्ने बिशेष सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज, काठमाडौंबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय, रुपन्देही र जिल्ला प्रहरी कार्यालय, नवलपरासी (पश्चिम) को समन्वयमा उनीहरूलाई उक्त वस्तु सहित पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कानूनी कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय, नवलपरासी (पश्चिम) मार्फत डिभिजन वन कार्यालय, नवलपरासीमा बुझाइएको छ।

## रक्तचन्दन तेलको अवैध रूपमा कारोबार गर्ने आठ जना पक्राउ

***काठमाडौं, १५ जेठ***

करिब २ करोड रुपैयाँ बराबरको रक्तचन्दन तेलको अवैध रूपमा कारोबार गरेको अभियोगमा आठ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-७ चावहिल बस्ने ३० वर्षीय सुशिल पाठक, कालिकोट रासकोट नगरपालिका-८ घर भई काठमाडौं चाबहिल बस्ने २८ वर्षीय बिनोद बराल, सुर्खेत वीरेन्द्रनगर नगरपालिका-१५ घर भई काठमाडौं कलंकी बस्ने ३६ वर्षीय ज्ञान बहादुर ओली, रामेछाप लिखुतामाकोसी गाउँपालिका-२ घर भई काठमाडौं काडाघारी बस्नेहरू ३५ वर्षीय नविन दाहाल, ३९ वर्षीय गोकर्ण हरि दाहाल, बाँके कोहलपुर नगरपालिका-११ घर भई काठमाडौं चाबहिल सरस्वतीनगर बस्ने ५८ वर्षीय निलकान्त भुसाल, धादिङ निलकण्ठ नगरपालिका-९ घर भई काठमाडौं जडिबुटी बस्ने ६३ वर्षीय मोहन बहादुर बिश्वकर्मा र सोलुखुम्बु माप्यदुधकोसी गाउँपालिका-६ घर भई काठमाडौं महांकाल बस्ने ४० वर्षीय खेमराज घिमिरे रहेका छन्। काठमाडौं महानगरपालिका-६ चुच्चेपाटीमा ८० लिटर रक्तचन्दनको तेल प्रति लिटर २ लाख ५० हजार रूपैयाँको दरले अबैध कारोबार भइरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई रक्त चन्दनको तेल सहित पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय, हात्तीसार काठमाडौंमा पठाइएको छ।

## जुवातास खेलिरहेको अवस्थामा चार जना पक्राउ

***काठमाडौं, २१ जेठ***

दक्षिणकाली नगरपालिका-४ चाल्नाखेलबाट जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ७२ वर्षीय रामशरण खत्री समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ५२ हजार ३ सय ४५ रुपैयाँ, तास, पासा गोटी १६ थान, पासा डण्डी ३ थान र पासा खेल्न प्रयोग भएको कपडाको चारपाटे पासा बोर्ड १ थान सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## कट्टुवा पेस्तोल सहित दुई जना पक्राउ

***रौतहट, २ असार***

मौलापुर नगरपालिका-५ स्थितबाट कट्टुवा पेस्तोल १ थान र सोही पेस्तोलमा लाग्ने १ राउण्ड गोली सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सर्लाही मलङ्गवा नगरपालिका-७ बस्ने ४५ वर्षीय उमेश राय र ६५ वर्षीय मोहन राय रहेका छन्। ईलाका प्रहरी कार्यालय, मौलापुबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा वीरगंजबाट आउँदै गरेको युपि ५७ एफ ३२३८ नम्बरको मोटरसाइकलको सिट मुनि उक्त पेस्तोल र गोली फेला पारी मोटरसाइकलमा सवार उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## पेस्तोल र ३ थान गोलीको खोका सहित एक जना पक्राउ

***महोत्तरी, २० असार***

रामगोपालपुर नगरपालिका-१ लक्ष्मीपुर बस्ने ३८ वर्षीय कौशल मण्डललाई पेस्तोल १ थान र गोलीको खोका ३ थान सहित प्रहरीले पक्राउ गरेको छ। सोही नगरपालिका-१ बसबिट्टी बजारमा कौशलले पेस्तोलबाट गोली प्रहार गर्दा सोही ठाउँ बस्ने ४४ वर्षीय श्रवण यादव घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई उक्त हतियार सहित पक्राउ गरेको हो। घाइते यादवको जानकी एकेडेमी हस्पिटल पर्सादेवाड रामगोपालपुर हुँदै जानकी हेल्थ केयर जनकपुरमा उपचार भइरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको सुन तथा डाईमन्ड सहित एक जना पक्राउ

***काठमाडौं, ३१ असार***

त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट लुकाई छिपाई अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको ७ सय ७० ग्राम सुन र डाईमन्ड सि+ ५४ ग्राम ७५ मिलिग्राम सहित नेपाली मुलका अष्ट्रेलियन नागरिक ५५ वर्षीया अभया विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ। मलेसियन एयरलाईन्सको उडानद्वारा काठमाडौंबाट मलेसिया हुँदै अष्ट्रेलिया जान लागेकी उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा तलासी गर्ने क्रममा उनले बोकेको झोलाभित्र अबैध रुपमा लुकाई छिपाई भन्सार छली गरी बाह्य मुलुकतर्फ लैजान लागेको अवस्थामा उक्त सुन तथा डाईमन्ड फेला परेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८०।०३।०२ गते अं.२२:०० बजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १७ ग्वार्को स्थितमा वर्ष १६ की जावलाखेल २९ लाई वर्ष ३८ को सन्तोष कटुवालले जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिम कारवाही गरीपाउँ भन्ने समेत व्यहोराको फिकल (क) को जाहेरी दरखास्त प्राप्त भए पश्चात प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित ललितपुर जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०२।३१ गतेको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८०।०२।२४ गते अं. १४:०० बजेको समयमा जिल्ला मकवानपुर मनहरी गा.पा. वडा नं. ३ सिद्दकाली स्थित आफ्नै घरकोठामा बसिरहेको अवस्थामा ऐ. ऐ. बस्ने बर्ष ५२ को प्रताप सिं घलानले वर्ष १२ की नाबालिकालाई जवरजस्ती तानी घिसारी करणी गरेको हुँदा निजलाई पक्राउ गरी कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने ब्यहोराको जाहेरी दरखास्त प्राप्त भए पश्चात प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित मकवनापुर जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०३।१९ गतेको आदेशले निज प्रतिवादी प्रताप सिं घलानलाई पूर्पक्षको लागि कारागार कार्यालय भिमफेदी मकवानपुरमा थुनामा पठाईएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०३।०३ गते साँझ १९;३० बजेको समयमा प्रतिवादी बिष्णुमाया लिम्बूले मादक पदार्थ सेवन गरी मेरी दिदी सुकमाया लिम्बूलाई कुटपिट गरेकोमा सोही चोटको कारण मेरी दिदी सुकमाया लिम्बूको मिति २०८०।०३।०५ गते मृत्यु भएको हुँदा निज कसूरदार बिष्णुमाया लिम्बूलाई पक्राउ गरी हदैसम्मको सजाय गरी पाउँ भन्ने व्यहोराको गजेन्द्र लिम्बूको जाहेरी दरखास्त पेश गरेकोमा उल्लेखित प्रतिवादी बिष्णुमाया लिम्बूलाई पक्राउ गरी सम्पुर्ण कार्य पूरा गरी सम्मानित धनकुटा जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिती २०८०।०३।२८ गतेको आदेशले निज प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – बालयौन दुरुपयोग

मिति २०८०।०२।३२ गते रातीको समयमा म जाहेरवालाको बर्ष १४ की नाबालक छोरीलाई राप्ती चौधरी पोलिक्लिनिकमा काम गर्ने कर्मचारी लालु प्रसाद यादवले बालयौन दुर्व्यवहार गरेको हुँदा पक्राउ गरी कानून बमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोराको जाहेरी प्राप्त भएकोमा उक्त जाहेरीको सम्बन्धमा सम्पुर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित चितवन जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०३।२४ गते आदेशानुसार निज प्रतिवादी रू.५०,०००/- (पचास हजार) धरौटीमा छुटेको।

## मुद्दा शीर्षक – अप्राकृतिक मैथुन

मिति २०८०।०२।३१ गते दिउँसो अन्दाजी १६:३० वजे जिल्ला झापा गौरादह न.पा.वडा नं.१ स्थित आफ्नो घर कोठामा वर्ष ४५ को टिकाराम वस्नेतले वर्ष १६ को नाबालक छोरालाई अप्राकृतिक मैथुन गरेको हुँदा कानुन बमोजिम गरीपाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएपश्चात प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित झापा जिल्ला अदालतको मिति २०८०।०३।३१ गतेको आदेशले पूर्पक्षको लागि झापा कारागार थुनामा गएको।

## मुद्दा शीर्षक – ज्यान मार्ने उद्योग

मिति २०८०।०३।०१ गते अं.२१:३० बजेको समयमा जिल्ला चितवन रत्ननगर न.पा. वडा नं. ६ सौराहा स्थित लायन्स डेन क्लबमा जिल्ला चितवन कालिका न.पा. बस्ने अं.बर्ष ३० को भुवन थिङ , जिल्ला चितवन र.न.पा.१० भानुचोक बस्ने बर्ष अं.३१ को किशोर चौधरी, किशोर चौधरीको भाई बर्ष २५ को किशन चौधरी, जिल्ला चितवन र.न.पा. वडा नं. ९ टिकौली बस्ने वर्ष अं.२९ को युनिक गुरुङ समेतका मानिसहरुले मुखमा मास्क लगाई खुकुरी, हाते बन्चरो समेतका हतियारहरु साथमा लुकाई क्लवमा प्रवेश गरी क्लबका बाउन्सर आयुश घिमिरेलाई ज्यान मार्ने उद्देश्य राखी निज आयुश घिमिरे लगायत अन्य कर्मचारीलाई समेत कुटपिट हातपात गरी घाईते बनाई अन्धाधुन्ध ढुंगा प्रहार गरी क्लवका भौतिक सामग्रीहरुमा समेत क्षति पुर्‍याएको हुँदा निज प्रतिवादीहरुलाई पक्राउ गरी ज्यान मार्ने उद्योग मुद्दामा कानून बमोजिम कारवाही गरी उपचार खर्च तथा क्षतिपूर्ती दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको बिबेक घलेको जाहेरी दरखास्त प्राप्त भएपश्चात निज प्रतिवादीहारुलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित चितवन जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०३।२६ गतेको आदेशले निज प्रतिवादी रू.२०,०००/- (बीस हजार) तिरि तारेखमा छुटेको।

## मुद्दा शीर्षक -ज.ज.क.

जिल्ला खोटाङ ऐसेलुखर्क गा.पा. वडा नं.४ सानो डुम्रे बस्ने प्रेम कुमार बस्नेतको छोरा बर्ष अं.२० को एन्सन भन्ने शिव कुमार बस्नेतले मिति २०८०।०१।१६ गते अं.२०:०० बजेको समयमा बिभिन्न किसिमको लोभ लाल्चा देखाई प्रलोभनमा पारी जिल्ला सोलुखुम्बु नेचासल्यान गा.पा.वडा नं.४ बिहिबारे स्थित बजारमा बोलाई मेरी छोरी बर्ष अं.१६ की परिवर्तित नाम सल्लेरी (भ१) लाई सोही बजार स्थित रहेको हेमलाल घिमिरेको घर कोठामा लगी जबरजस्ती करणी गरेको हुँदा सोही करणीबाट हाल मेरी छोरीको पेटमा निज एन्सन भन्ने शिव कुमार बस्नेतको गर्भ बसेको हुँदा मेरी छोरीको पेटमा रहेको बच्चालाई पालनपोषण समेत निज प्रतिवादीबाटै दिलाई भराई दिन हुन भनी मिति २०८०।०३।०७ गते परिवर्तित नाम सल्लेरी (भ) (वास्तविक नाम वर्ष ४५ को मन्ना राई) ले जाहेरी दरखास्त प्राप्त भएपश्चात प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित सोलुखुम्बु जिल्ला अदालतको मिति २०८०।०३।३१ गतेको आदेशले पूर्पक्षको लागि कारागार चलान भएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np